नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

(..........................................................शाखा)

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं

पत्र संख्या :
चलानी नं. :

सिंहदरबार, काठमाडौं
नेपाल।

## प्रेस विज्ञप्ति

बहराइनमा आयोजना हुने फिफा विश्वकप २०२६ छनौट फुटबल प्रतियोगितामा अखिल नेपाल फुटबल संघबाट सहभागी हुनको लागि खेलमा संलग्न समूह बाहेक १० जना अनावश्यक व्यक्तिहरु समेत सहभागीका रुपमा जान लागेको र दशरथ रंगशालामा गैर फुटबल गतिविधि संचालनको लागि एन्फाले राष्ट्रिय खेलकुद परिषदमा पत्राचार गरेको भनि विभिन्न मिडियाबाट प्रेसित समाचार प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २८ (झ) मा राष्ट्रिय खेलकुद परिषद्को स्वीकृति लिई अन्तर्राष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा सहभागी हुनुपर्ने कानूनी व्यवस्था रहेकोछ । यस सम्बन्धमा राष्ट्रिय खेलकुद परिषद्को च.नं. ६२७ मिति २०८०/११/३० को पत्रानुसार राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ बमोजिम लिनु पर्ने स्वीकृति नलिएको जानकारी प्राप्त भएको हुँदा कानून बमोजिम कारवाही गरी सो को जानकारी गराउन राष्ट्रिय खेलकुद परिषद्लाई निर्देशन दिईएको साथै कानून बमोजिम राष्ट्रिय खेलकुद परिषदको स्वीकृति पश्चात मात्र खेल संघका पदाधिकारीहरुलाई अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता, तालिम, गोष्ठी, सेमिनार वा सम्मेलन भाग लिन वैदेशिक प्रस्थान अनुमति प्रदान गर्न व्यवस्थाको लागि गृह मन्त्रालयमा अनुरोध गरिएको छ ।

अन्त्यमा, हाम्रा खेलाडीहरुको मनोबल उच्च राख्न, अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको अधिकतम अवसर प्रदान गर्न, खेल संघको क्षमता विकासको साथै आधुनिक सुविधा सम्पन्न खेलकुद पूर्वाधार निर्माणलाई गति प्रदान गरी स्वदेशमै अन्तराष्ट्रिय प्रतियोगिता सञ्चालन गर्ने तर्फ यस मन्त्रालय क्रियाशील रहेकोको छ ।

२०८० फाल्गुण ३० गते
ने.सं. ११४४ चिल्लाथ्व, ३ बुधबार

११/३०

शिव प्रसाद रेग्मी
प्रवक्ता/सह-सचिव